जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक १६० • २०८२ चैत्र १८ गते बुधवार • 1 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# जनकपुरधामको बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले फुटपाथ अतिक्रमण हटाउने अभियानलाई तीव्रता

## जनकपुरधाम उपमहानगर तथा मधेस सरकारको सँयुक्त पहल

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ चैत्र**



मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाले बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले फुटपाथ अतिक्रमण हटाउने अभियानलाई तीव्रता दिएको छ । मंगलबार रामचोकदेखि विमानस्थलसम्मको मार्गलाई केन्द्रित गर्दै सञ्चालन गरिएको अभियानमा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री स्वयं उपस्थित भई नेतृत्व गरेका थिए भने मेयर मनोज कुमार साह पनि प्राविधिक टोलीसहित ग्राउन्ड जिरोमै खटिएका थिए ।

सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा नगर प्रहरीको संयुक्त परिचालनमा सडक र फुटपाथ अतिक्रमण गरी सञ्चालन हुँदै आएका अस्थायी तथा अनधिकृत पसलहरू हटाइएको हो। अभियानका क्रममा सडक किनार तथा पैदलमार्गमा राखिएका ठेला, टहरा र अन्य संरचनाहरू हटाइएका छन् । अभियानको नेतृत्व गर्दै मन्त्रीले सार्वजनिक स्थलको संरक्षण र व्यवस्थित सहरी जीवनका लागि अतिक्रमण हटाउने कार्य अपरिहार्य भएको बताए । उनले भने, 'फुटपात पैदल यात्रुका लागि हो। व्यापारका लागि होइन । सार्वजनिक स्थानको दुरुपयोग सह्य हुँदैन । अभियानलाई निरन्तरता दिइन्छ ।' उनले स्थानीय तहसँग समन्वय गरी सुशासन कायम गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको पनि स्पष्ट पारे । यस्तै, मेयर मनोज कुमार साहले जनकपुरधामलाई स्वच्छ, सुन्दर र व्यवस्थित शहर बनाउने अभियान अन्तर्गत अतिक्रमण हटाउने कार्यलाई प्राथमिकता दिइएको बताए ।

'सार्वजनिक जग्गा अतिक्रमणमुक्त गराउने, फुटपाथ खाली गराउने र बजारलाई व्यवस्थित बनाउने हाम्रो दीर्घकालीन योजना हो,' उनले भने, 'यसका लागि हामी प्रविधि र जनशक्तिको प्रयोग गर्दै निरन्तर फिल्डमै खटिरहेका छौं ।' मेयर साहका अनुसार अतिक्रमण हटाइसकेपछि ती क्षेत्रहरूको सौन्दर्यकरण, हरियाली प्रवर्द्धन तथा पैदलमैत्री पूर्वाधार निर्माण गरिनेछ। साथै, व्यवसायीहरूलाई वैकल्पिक व्यवस्थापनका लागि पनि उपमहानगरपालिकाले आवश्यक सहजीकरण गर्ने तयारी गरिएको उनले जानकारी दिए । स्थानीय प्रशासनले पनि यस प्रकारका अभियानहरू आगामी दिनहरूमा थप विस्तार गरिने जनाएको छ । बजार क्षेत्रको व्यवस्थापन, ट्राफिक सहजता तथा दुर्घटना न्यूनीकरणका लागि यस्ता गतिविधिले सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । अभियानका क्रममा केही व्यवसायीले असन्तुष्टि जनाए पनि अधिकांश स्थानीयले फुटपात खाली गराउने कार्यको स्वागत गरेका छन्। उनीहरूले लामो समयदेखि पैदल यात्रुहरूलाई हिंडडुल गर्न कठिन भइरहेको अवस्थामा यस्तो कदम प्रभावकारी हुने विश्वास व्यक्त गरे । जनकपुरधाममा पछिल्लो समय तीव्र शहरीकरणसँगै बढ्दै गएको अतिक्रमण समस्या समाधानका लागि स्थानीय र प्रदेश सरकार दुवै तहबाट संयुक्त पहल सुरु भएको देखिएको छ ।

# दोस्रो आर्थिक गणना २०८२ लाई प्रभावकारी र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्लास्तरीय समन्वय अपरिहार्य

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ चैत्र**



दोस्रो आर्थिक गणना २०८२ लाई प्रभावकारी र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्लास्तरीय समन्वय अपरिहार्य रहेको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताएका छन् ।

जिल्ला स्तरिय समन्वय समितिको अन्तर्क्रिया बैठकमा बोल्दै प्रजिअ यादवले आर्थिक गणनाले देशको समग्र अर्थतन्त्रको वास्तविक चित्र प्रस्तुत गर्ने भएकाले यस कार्यमा सबै सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे । 'आर्थिक गणना तथ्यांक सङ्कलनको काम मात्र नभई आगामी नीति तथा योजना निर्माणको आधार हो,' उनले भने । उनले गणना प्रक्रियालाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित कार्यालयहरूबीच समन्वय र सहकार्य अझ सुदृढ गर्नुपर्नेमा जोड दिए। साथै गणनामा खटिने जनशक्तिलाई आवश्यक सहयोग र सहज वातावरण उपलब्ध गराउन प्रशासन प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले आर्थिक गणनालाई सफल बनाउन आवश्यक सुझाव तथा अनुभवहरू समेत साझा गरेका थिए। दोस्रो आर्थिक गणना २०८२ मार्फत देशभरका आर्थिक गतिविधिहरूको यथार्थ विवरण संकलन गरिने विश्वास गरिएको छ । यसले दीर्घकालीन विकास योजना निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिइएको छ ।









# सरकार र जनता मिलेर राष्ट्र निर्माण गरौं

सुशासन कायम गर्नु सरकारको प्रमुख परीक्षा रहेको छ । सरकार सधैं पारदर्शी र जवाफदेही बनोस् । जनमुखी कामले मात्र जनताको विश्वास बढ्छ । भ्रष्टाचारले विकासको गतिलाई सधैं रोक्ने गर्छ यसले सामाजिक न्याय र समानतालाई बिगार्छ, नागरिक सहभागिताले मात्र लोकतन्त्र बलियो बन्छ । संघीयता कार्यान्वयन गर्नु अर्को ठूलो अवसर रहेको देखिन्छ । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने देखिन्छ । सेवा प्रवाहलाई गाउँसम्म सहज बनाउनुपर्छ । तहहरूबीच समन्वय र सहकार्य निकै आवश्यक रहेको देखिन्छ । संघ र प्रदेशबीचको सम्बन्ध सुमधुर हुनुपर्छ । विकासको गतिलाई वडा तहसम्म पुर्‍याउनुपर्छ । तीन तहको सरकार मिलेर अघि बढ्नुपर्छ । जनताले संघीयताको वास्तविक फल पाउनुपर्छ । अधिकारको विकेन्द्रीकरण नै विकासको मुख्य आधार रहेको देखिन्छ । विदेश नीतिमा सन्तुलन कायम गर्नुपर्छ । अन्तर्राष्ट्रिय सम्बन्धलाई अझ बलियो बनाउनुपर्छ । राष्ट्रिय हितलाई सधैं सबैभन्दा माथि राखौं । छिमेकी राष्ट्रसँग सधैं मैत्रीपूर्ण सम्बन्ध राखौं । यी सबै समस्या तत्काल समाधान हुनु सम्भव छैन । परिवर्तन एक निरन्तर चल्ने लामो प्रक्रिया रहेको छ । यसमा नागरिकको भूमिका पनि उत्तिकै आवश्यक रहेको छ ।

सरकारलाई सचेत भई सधैं सहयोग गरौं । खबरदारी र निगरानी राख्नु जनताको दायित्व छ । नयाँ आशालाई अब व्यवहारमा उतार्नु पर्छ । इमान्दार प्रयासले मात्र देशमा समृद्धि आउँछ । प्रतिबद्धता र पारदर्शिता अब काममा देखिनुपर्छ । उज्यालो भविष्यको कामना सहित अगाडि बढौं सरकार र जनता मिलेर राष्ट्र निर्माण गरौं ।

# आठ महिनामा रु ४३ करोड ३८ लाख ८७ हजार २५४ बराबरको रासायनिक मल बिक्री

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ चैत्र**

नेपाल सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरधामले चालू आर्थिक वर्षको आठ महिनामा रु ४३ करोड ३८ लाख ८७ हजार २५४ बराबरको रासायनिक मल बिक्री वितरण गरेको छ ।

सो कार्यालयले सो अवधिमा रु १३ करोड ८७ लाख ६७ हजार ५८० बराबरको आठ हजार १५८ मेट्रिकटन युरिया, रु २९ करोड ७९ लाख सात हजार मूल्य बराबरको छ हजार ३२० मेट्रिकटन डिएपी तथा रु ४३ लाख २२ हजार ६७१ बराबरको १८८ मेट्रिकटन पोटास बिक्री गरेको



कार्यालय प्रमुख वेचनकुमार साहले जानकारी दिए । धनुषा तथा महोतरी जिल्ला गरी दुई जिल्लामा सो कार्यालयले किसानलाई सम्बन्धित पालिकाको सिफारिसमा रासायनिक मल वितरण गर्दै आएको छ ।

उक्त दुवै जिल्लाका २७ पालिकाहरूमा २१२ वटा आधिकारिक डिलरमार्फत उक्त रासायनिक मल बिक्री गर्दै आएको छ । हाल कार्यालयको गोदाममा एक हजार १९२ मेट्रिकटन युरिया, ८३८ मेटिकटन डिएपी मल तथा ३६१ मेट्रिकटन पोटास मौज्दात रहेको कार्यालयद्वारा जारी तथ्याङ्मा जनाइएको छ ।

हालको सिजनका लागि आवश्यक पर्ने रासायनिक मल गोदाममा मौज्दात रहेको उहाँले भन्नुभयो । उहाँले पालिकाका किसानका लागि छुट्याइएको रासायनिक मल सम्बन्धित निकायले लिन नआएको प्रमुख साहको भनाइ छ ।

गत आर्थिक वर्षमा सो कार्यालयले रु ३५ करोड मूल्य बराबरको रासायनिक मल बिक्री वितरण गरेको थियो । धनुषा तथा महोतरीका सीमा क्षेत्रका किसानले भारतीय सीमाबाट रासायनिक मल खरीद गरी ल्याउने गरेको छ ।

# अदालतका कर्मचारी घुस लिंदै गरेको अवस्थामा रंगेहात पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १७ चैत्र**

रौतहट जिल्ला अदालत गौरमा कार्यरत एक कर्मचारी घुस लिंदै गरेको अवस्थामा रंगेहात पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिएको टोलीले अदालतका डिट्टा लव कुमार सिंहलाई सेवाग्राहीसँग नगद ५० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको हो । आयोगका अनुसार अदालतको फैसलाअनुसार दर्ता-खारेज पुर्जी (दा.खा.) गरी जग्गा फुकुवा गराइदिने कामका लागि उनले सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने उजुरी प्राप्त भएको थियो ।

सोही सूचनाका आधारमा निगरानी राखिएको टोलीले गौर नगरपालिका-१ स्थित रौतहट जिल्ला अदालत परिसरबाट सिंहलाई रकमसहित पक्राउ गरेको जनाएको छ । पक्राउ परेका सिंहको साथबाट घुस रकम ५० हजार रुपैयाँ र एक थान मोबाइल समेत बरामद गरिएको आयोगले जनाएको छ ।






## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: लामो यात्राको योग छ
कन्या: खानपानमा समस्या आउने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: विचार गरेर बोल्नुहोला
कुम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# कुवेती तेल ट्यांकरमा लागेको आगो नियन्त्रणमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ चैत्र



संयुक्त अरब इमिरेट्सको दुबई नजिकै कुवेतको तेल बोकेको ट्यांकर अल सल्मीमा लागेको आगो पूर्ण रूपमा नियन्त्रणमा आएको छ।

दुबई मिडिया अफिसले मंगलबार उक्त जानकारी दिँदै घटनामा मानवीय क्षति नभएको पुष्टि गरेको छ। करिब २० लाख ब्यारेल कच्चा तेल बोकेको उक्त ट्यांकर कुवेत र साउदी अरेबियाबाट चीनको छिङदाओतर्फ जाँदै गर्दा दुबईको जलक्षेत्रमा क्षतिग्रस्त भएको थियो। आगलागीका कारण जहाजको बाहिरी संरचना (हल) मा क्षति पुगेको छ भने सम्भावित तेल चुहावटको जोखिमबारे चिन्ता व्यक्त गरिएको छ। दुबईका सम्बन्धित निकायका अनुसार आपतकालीन टोलीहरूले तत्काल उद्धार तथा नियन्त्रण कार्य सञ्चालन गर्दै आगो निभाएका हुन्। जहाजमा सवार सबै २४ जना चालकदल सदस्य सुरक्षित रहेको र कुनै घाइते नभएको जनाइएको छ।

यसैबीच, कुवेत पेट्रोलियम कर्पोरेसनले प्रारम्भिक जानकारी दिँदै उक्त ट्यांकर इरानी आक्रमणबाट प्रभावित भएको दाबी गरेको छ, जसका कारण जहाजमा आगलागी भएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको बताइएको छ। घटनासँगै सोमबार साँझदेखि मंगलबार बिहानसम्म दुबई क्षेत्रमा ठूला विस्फोटजस्ता आवाजहरू सुनिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। दुबई प्रशासनले अवस्थाको निरन्तर अनुगमन गरिरहेको र आवश्यक कदमहरू चालिरहेको जनाएको छ।

साथै, परिस्थितिबारे थप विवरण क्रमश: सार्वजनिक गरिने बताइएको छ।

# जलेश्वरमा महिला तथा किशोरीहरूको अधिकारका लागि जिल्ला स्तरीय बैठक सम्पन्न

मो.इर्शाद
महोत्तरी, १७ चैत्र

महोत्तरीको सदरमुकाम जलेश्वरमा महिला र किशोरीहरूको अधिकार, सुरक्षा र समावेशी शासनका विषयमा एक महत्त्वपूर्ण जिल्ला स्तरीय बैठक सम्पन्न भएको छ। जलेश्वर नगरपालिकाको सभा हलमा आयोजित उक्त कार्यक्रम मुक्ति नेपाल, गोलबजार, सिराहाको आयोजनामा सम्पन्न भएको हो। रुविगत १५ वर्षदेखि मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील मुक्ति नेपालले नेपाल अपाङ्ग महिला संघ (NDWA) / CBM Global सँगको सहकार्यमा 'इग्नाइट'( IGNITE) परियोजना अन्तर्गत यो कार्यक्रम संचालन गरेको हो। यस अभियानले विशेष गरी अपाङ्गता भएका महिला तथा किशोरीहरूका लागि रूपान्तरणकारी र सुरक्षित वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ।छलफलका क्रममा सहभागीहरूले निम्न बुँदाहरूमा केन्द्रित रहेर आफ्ना धारणा राखेका थिए: रुसुरक्षा र न्यायमा पहुँच: अपाङ्गता भएका महिला तथा किशोरीहरूमाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न ठोस रणनीति तय गर्ने। SWD/WHRD सञ्जालको परिचालन: जिल्ला स्तरीय मानव अधिकार रक्षक सञ्जाललाई सुरक्षा रक्षक समूह ( Safety and Well–being Defenders) को रूपमा सक्रिय बनाउने।समावेशी शासन: स्थानीय तहको नीति निर्माण प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने।स्थानीय ऐक्यबद्धता र सहभागिता कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै जलेश्वर नगरपालिकाकी उप-प्रमुख रौशन खातुनले महिला र किशोरीहरूको



अधिकार सुनिश्चित गर्न नगरपालिका सदैव प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार का लागि विशेष योजनाहरू ल्याइने समेत उल्लेख गर्नुभयो। मधेश प्रदेशका ८ वटै जिल्लाका ३२ पालिकाहरूमा सञ्चालित यस 'इग्नाइट' परियोजनाले जलेश्वरमा भएको यस छलफलमार्फत स्थानीय स्तर मा सुरक्षा र अधिकारको प्रत्याभूति गराउने विश्वास लिइएको छ।

# आगामी बजेटमा 'बास्केट' योजनाको अन्त्य, तयारी नपुगेका आयोजनाले बजेट नपाउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ चैत्र




आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा प्रक्रियालाई थप अनुशासित, परिणाममुखी र यथार्थपरक बनाउन राष्ट्रिय योजना आयोगले मन्त्रालयहरूसँगको प्रारम्भिक छलफललाई तीव्रता दिएको छ।

आयोगले यस पटकको बजेटका लागि विशेष 'चेकलिस्ट' तयार पार्दै हाल काम सुरु भइसकेका र क्रमागत प्रकृतिका आयोजनालाई समयमै सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गर्ने रणनीति लिएको छ। नयाँ योजना तथा कार्यक्रम प्रस्ताव गर्दा लाभ-लागत विश्लेषणसहित पूर्ण पूर्वतयारी गरिसकेका र तत्काल कार्यान्वयनमा जान सक्ने आयोजनालाई मात्र बजेट प्रस्ताव गर्न मन्त्रालयहरूलाई निर्देशन दिइएको छ। यसै सिलसिलामा आयोगले मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित संघीय मामिला, पर्यटन र स्वास्थ्य मन्त्रालयसँग छलफल गर्ने कार्यसूची तय गरेको छ भने बुधबार अन्य विषयगत मन्त्रालयहरूसँग संवाद हुनेछ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी वर्षका लागि रूपान्तरणकारी बजेट ल्याउने तयारी गरिरहनुभएको सन्दर्भमा योजना आयोगले १६औँ योजना र शासकीय सुधारका १०० कार्यसूचीसँग बजेटको तालमेल मिलाउन जोड दिएको छ।

मन्त्रालयहरूले प्रस्ताव पेस गर्दा चालु आर्थिक वर्षका आयोजनाहरूको भौतिक र वित्तीय प्रगति विवरण, कार्यान्वयनका चुनौतीहरूको विश्लेषण र आयोजना बैंकमा रहेका कार्यक्रमहरूको वर्तमान अवस्था स्पष्ट खुलाउनुपर्ने प्रावधान राखिएको छ।

# लाओससँग खेल्ने नेपालको सुरुवाती ११ सार्वजनिक, युवराजको डेब्यू

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ चैत्र



एएफसी एसियन कप छनोटअन्तर्गत लाओससँग खेल्नका लागि नेपालको सुरुवाती ११ सार्वजनिक भएको छ।

किरण चेम्जोङ कप्तान तथा गोलकिपर रहेको प्लेइङ ११ अनुसार युवराज खड्काले डेब्यू गर्ने पक्का भएको छ। नयाँ प्रशिक्षक गुग्लिएल्मो एरेनाले युवराजलाई डेब्यू गराउने भएका हुन्। घरेलु फुटबलमा युवराजले एपीएफ क्लबबाट खेल्दै आएका छन्। उनी राष्ट्रिय टिममा नै पहिलोपटक समावेश भएका थिए। नयाँ इटालियन प्रशिक्षक एरेनाले पनि यसै खेलबाट नेपालको मुख्य प्रशिक्षकको रुपमा डेब्यू गर्नेछन्। नेपाल र लाओसबीचको खेल पौने ६ देखि लाओ नेशनल स्टेडियममा सुरु हुनेछ। एसियन कप छनोटमै यसअघिको खेलमा नेपाल लाओससँग २-१ ले पराजित भएको थियो।


नेपाल इतिहासमै पहिलो पटक लाओससँग हारेको थियो। त्यसैले आज लाओसविरुद्ध नेपाल सामु बदला लिने अवसर समेत छ। नेपालले अहिलेसम्म लाओससँग ६ खेल खेल्दा ४ खेल जितेको छ भने एक खेल बराबरीमा सकिएको छ। एक खेल लाओसको पक्षमा गएको थियो। एसियन कप पुग्ने होडबाट बाहिरिसकेका दुवै टोली अन्तिम खेल जितसहित टुङ्ग्याउन चाहन्छ।

अझ नेपाल त अन्योल भविष्यका बीच यो खेलमा जसरी पनि जित निकाल्ने लक्ष्यमा हुनेछ।






# पूर्वगृहमन्त्रीले अँगालेको सर्वकालीन सुरक्षा रणनीति



-संक्रमणकाल व्यवस्थापनमा गृह प्रशासनको भूमिका सर्वाधिक महत्त्वको हुन्छ। विगतको विषम परिस्थितिलाई सुरक्षित अवतरण गराई संवैधानिक-कानुनी राज्यको मान्यता अक्षुण्ण राख्न गृह प्रशासनले तत्कालीन अवस्थामा तय गरेका सुरक्षा रणनीति विशेष थिए। आगामी गृह प्रशासनले पनि स्थापित मानक र अनुकरणीय सुरक्षा नीति लागू गर्नुपर्छ। त्यो प्रयोजनका लागि यहाँ गृह प्रशासनका अन्तर्य विषय र त्यसका सहजकर्ता तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्यालको भूमिकामाथि समीक्षा गरिनेछ।

सामान्यतया गृह प्रशासन हाँक्नुलाई विगतमा 'हाँक' का रूपमा लिइन्थ्यो। फलस्वरूप सो जिम्मेवारी लिने व्यक्ति चयन गर्दा बाहुबली स्वभाव र उलटपुलट गर्न सक्ने प्रवृत्तिको पात्रलाई सो मन्त्रालयको जिम्मेवारी दिइन्थ्यो। त्यस्तो उदाहरण विगतमा प्रशस्तै पाइन्छ। शालीनता र भद्रतालाई प्रथम दृष्टिकोणमै कमजोर र लुते व्यक्तित्वका रूपमा लिने हाम्रो सामाजिक दृष्टिकोणका कारण गृह प्रशासन र कानुनको पालना गर्ने/गराउने पात्र खोजी गर्दा परिस्थिति उथलपुथल-उलटपलट गर्न सक्ने 'एक्सन ओरेन्टेड' व्यक्तिको जिम्मामा गृह प्रशासन रहनुपर्छ भन्ने कथित र पुरातन भाष्य स्थापित भएको देखिन्छ। ध्वंस र विध्वंसबाट निर्माण हुन्छ भन्ने एकखाले चेतनामा विश्वास गर्नेका लागि 'सामाजिक सुरक्षा प्रबन्धमा कठोरताको रणनीति अवलम्बन आवश्यक छ' भन्ने बुझाइ हुन्छ। तर, शालीनताभित्रको कठोरता र कठोरताभित्र लुकेको दृढ सोचका बलमा आधारित सुरक्षा नीति-रणनीतिको प्रयोगले मुलुकको संक्रमण थप आक्रमणमा पर्न दिएनन् तत्कालीन गृहमन्त्री अर्यालले।

जेन-जी आन्दोलनको माग र मागभित्रका कैयन् रणनीतिक-राजनीतिक लाभ-हानिका चलखेल अनि स्वार्थप्रेरित विभिन्न समूहको सक्रियतालाई सुझबुझले संविधानकै सीमाभित्र कायम राखिराख्न अर्यालको कानुनी विषयको पृष्ठभूमिले थप सहयोग पुर्‍यायो। 'सरकार शासक होइन, सहजकर्ता हो' भन्ने रणनीतिलाई आफ्नो कार्यशैलीको मुख्य केन्द्रविन्दु बनाएर काम गर्दा गृह प्रशासनअन्तर्गतका निकाय स्वयं स्वचालित हुन्छन्।

व्यावसायिकता अनि 'चेन अफ कमान्ड' को वस्तुगत र व्यावहारिक प्रयोग हुने गर्छ भन्ने नौलो मानक स्थापना गरेका अर्यालको कार्यशैलीलाई नयाँ गृहमन्त्रीले पनि अनुकरण गर्नु आवश्यक छ। हाम्रोमा संगठनात्मक र संस्थागत विकासका मुद्दामाथि खुब बहस गरिन्छ। तर, विगतका राजनीतिक हस्तक्षेप, शासकीय र पदीय दम्भको प्रभावमा मातहतका सुरक्षा निकायले अपेक्षित परिणाम दिन सकेनन्। खरानी टकटक्याएर, जुरुक्क उठेर, बिनाआग्रह/पूर्वाग्रह कानुनी राज्य स्थापना र आमनागरिकको दैनिकी सहजीकरण गर्ने भूमिकामा अहोरात्र ज्यान बाजी लगाउने हाम्रा सुरक्षाकर्मीको योगदानमाथि शब्दमा व्याख्या गर्नै सकिन्न। अब यो नवनिर्वाचित सरकार सचेत हुनैपर्छ- आगामी दिनमा पनि सुरक्षाकर्मीहरूको बल्ल-बल्ल जोगाउन र फर्काउन सफल भएको व्यावसायिक मनोबललाई कुनै आयोगको सिफारिसको नाम र निहुँमा विगतका अप्रिय घटनाका परिणामको भारी बोकाउनु हुँदैन। वास्तवमा, सुरक्षाकर्मी राज्यका साधन हुन्। त्यसको सुसञ्चालन र परिचालन गर्नेहरूको नीति-नियतबमोजिम नै उनीहरूले परिणाम दिने गर्छन् भन्ने विषय अहिले प्रमाणित भएको छ। प्रहरी ऐनको प्रस्तावनाले पनि प्रहरीलाई राज्यको सुयोग्य साधनका रूपमा परिभाषित गरेको छ। 'जान्ने र मान्नेका लागि श्रीखण्ड, मूर्ख र दम्भी शासकका लागि खुर्पाको बिँड' भने जस्तै त्यही राज्यको साधनले एकातर्फ निष्पक्ष, भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सफल भएको छ। अर्कोतर्फ विगतमा 'खुर्पाको बिँड' का रूपमा सुरक्षा निकायलाई गलत र दमनकारी नियतका ढंगले दुरुपयोग गरियो। जसले गर्दा देशमा ठूलो धन-जनको क्षति भयो। यी परिणाममै प्रमाणित तथ्यहरू अनदेखा गरेर सुरक्षाकर्मीको हुर्मत लिने गरी राज्यको सुयोग्य साधनमाथि खेलबाड गरिनु हुन्न। तसर्थ संगठित र 'चेन अफ कमान्ड' मा रहने सुरक्षा निकायको कार्य प्रकृतिको मर्म आत्मसात् नगर्दाको परिणाममाथि नवनिर्वाचित सरकार पनि संवेदनशील हुनु आवश्यक छ।

मुलुकले अब कुनै पनि किसिमको अराजकता थेग्न वा झेल्न सक्दैन। सुरक्षा आमनागरिकको प्रत्याभूतिमै प्रतिविम्बित हुन्छ। त्यसैले यसको सुसञ्चालनमा तत्कालीन गृहमन्त्रीले स्थापना गरेका सुरक्षा निकायको संस्थागत विकासका मानकलाई नै सांगठनिकीकरण र सुदृढीकरणको रोडम्यापका रूपमा निरन्तरता दिनु आवश्यक छ। विचारमा सात्विकता र कार्यशैलीमा तात्विकताको रणनीति अवलम्बन गरेका अर्यालको भूमिकालाई मुलुकले विशिष्ट योगदानका रूपमा ग्रहण गर्न आवश्यक छ। संयोगका रूपमा आइपरेका दायित्वलाई कुशलतापूर्वक निर्वाह गर्नु आफैंमा चुनौतीपूर्ण हुने गर्छ। त्यतिबेला व्यक्ति स्वयं दायित्वप्रति किंकर्तव्यविमुढको अवस्थामा र बाह्य परिस्थिति शून्यताको विन्दुमा हुन्छ।

**सांभार : कान्तिपुर।**

## राहदानी हरायो

घरबाट जनकपुर जाने क्रममा तपसिल बमोजिमको राहदानी हराएको हुँदा फेला पार्ने महानुभावले नजीकको प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गरिदिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम : अनिल कुमार राय**
ठेगाना : जलेश्वर न.पा.-१२, नैन्ही महोत्तरी।
राहदानी नम्बर : ११८३६४४०
जारी मिति : २७ जनवरी २०२०
म्याद समाप्त मिति : २६ जनवरी २०३०
जन्म मिति : २४ मे १९९८
सम्पर्क नम्बर : ९७०८७३९१३९










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday